२०८३ भाद्र ०४ गते बिहिबार

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय २०७३

१३४ औं कार्यपालिकाका बैठकका निर्णयहरू :

**निर्णय नं १ :**

गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराबाट मिति २०८३/०४/२२ मा स्थानीय तहले आवधिक योजना निर्माणको लागि "आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि २०८२" को अनुसूची २ अनुसारको ढाँचामा प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना प्रकाशित भएकोमा तोकिए बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी पेश गर्ने र सो प्रस्तावना अनुसारको लागत साझेदारी वापतको रकम चालु आर्थिक बर्षको बजेट खर्च शिर्षक ३११३५ मा बिनियोजित आवधिक योजना तथा आर्थिक सर्वेक्षण र **MTEF** तयारी शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

यस नगरपालिका अन्तर्गत वडा नं. १ स्थित सिटी हलमा सञ्चालन हुन गइरहेको स्वास्थ्य परीक्षण प्रयोगशालामा गरिने परीक्षणको दर आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी देहाय बमोजिम तोक्ने निर्णय गरियो।

देहाय :

| क.स. | विवरण | प्रस्तावित दर रेट (रु) | क.स. | विवरण | प्रस्तावित दर रेट (रु) |
|---|---|---|---|---|---|
| १ | CBC | १७५ | २४ | Lipid Profile | ४२० |
| २ | TC/DC | ३५ | २५ | occult blood | १०५ |
| ३ | HB | ४० | २६ | platelets | ७० |
| ४ | BT | ३० | २७ | RA Factor | १०५ |
| ५ | CT | ३० | २८ | SGOT | १४० |
| ६ | ABO(BLOOD GROUPING) | ३५ | २९ | SGPT | १४० |
| ७ | Eosinophills | ७० | ३० | S.Amalyse | २१० |
| ८ | Blood sugar( F) | ५५ | ३१ | S.Cholesterol | १४० |
| ९ | Blood sugar( R) | ५५ | ३२ | Scrub Typhus | ३५० |
| १० | Blood sugar (P.P) | ५५ | ३३ | Semen Analysis | २१० |
| ११ | Blood Urea | १०५ | ३४ | Serum Bilirubin | १४० |
| १२ | Serum Creatinine | १०५ | ३५ | Stool R/E | ५० |
| १३ | Serum Uric acid | ८५ | ३६ | UPT | ७० |
| १४ | Dengu | ३५० | ३७ | Total Alubumin | १०५ |
| १५ | ESR | ४० | ३८ | Total protien | १०५ |
| १६ | Gram stain | ७० | ३९ | Urine R/E | ४० |
| १७ | H.pylori | २८० | ४० | RFT | ४५५ |
| १८ | HB1AC | ५६० | ४१ | Vagainal Swab | १४० |
| १९ | HBsAG | १९० | ४२ | Urethral swab | १४० |
| २० | HCV | २१० | ४३ | VDRL | १०५ |
| २१ | HDL (Cholesterol) | १०५ | ४४ | VLDL | ७० |
| २२ | LDl | १०५ | ४५ | Widal | १०५ |
| २३ | LFT | ४९० | ४६ | PT/INR | १४० |

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं. ३ :**

पशु सेवा शाखाबाट पेश भएको **"पशुपन्छी व्यवसायिक स्तरवृद्धि प्रोत्साहन परियोजना कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** माथि छलफल हुँदा उक्त कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ४ :**

पुतलीबजार नगरपालिकाको आ. व. २०८३/०८४ को संघीय विशेष अनुदान तर्फको प्राङ्गारिक तरकारी खेती कार्यक्रममा रु १ करोड विनियोजित भै आएकोमा उक्त विनियोजित रकमबाट देहाय बमोजिमका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहायः

| क.स | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | आलुमा आत्मनिर्भर कार्यक्रम | ३७,३०,०००/- |
| २ | कृषि यान्त्रीकरण (मिनी टिलर) खरिद कार्यक्रम | ३२,५०,०००/- |
| ३ | एक वडा एक नर्सरी कार्यक्रम | ८,००,०००/- |
| ४ | कृषक पाठशाला कार्यक्रम | २,५०,०००/- |
| ५ | जैविक विषादी तथा जैविक कृषि सामाग्री वितरण कार्यक्रम | ३,००,०००/- |
| ६ | गडयौले मल उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | ४,००,०००/- |

**निर्णय नं. ५ :**

भूमि समस्या समाधान आयोगको विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम यस पुतलीवजार नगरपालिका अन्तर्गतका १४ वटा वडाहरु मध्ये ७ नं. वडा वाहेक अन्य १३ वटा वडाबाट मिति २०७७ साल देखि हाल सम्म पर्न आएका भूमिहीन दलित - ४८, भूमिहीन सकुम्बासी - ८५ र अव्यवस्थित वसोबासीहरु - ६७ गरी जम्मा - २०० निवेदन पेश भई तत तत् वडामा गठित **वडा स्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको** वैठकबाट निज निवेदकहरुको स्थिति पहिचान र प्रमाणीकरण गरी सो समितिले गरेको निर्णयहरु प्राप्त हुन आएकोले उक्त निवेदन तथा निर्णयहरुको विवरण यस भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८१ को दफा ४, को सहजीकरण समिति गठन सम्बन्धी पालिका स्तरमा गठित **स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिको** वैठकमा अध्ययन तथा छलफल गरी उक्त निवेदनहरु प्रमाणीकरणको लामि **जिल्ला भूमि समस्या समाधान समिति, स्याङ्जामा** पठाउन यस कार्यपालिका समक्ष सिफारिससाथ पेश हुन आएकोले उक्त सहजिकरण समितिले पेश गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र

........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

........................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ भाद्र ०४ गते बिहिबार

अव्यवस्थित बसोबासीहरुको निवेदन प्रमाणीकरणको लागि जिल्ला भूमि समस्या समाधान समिति, स्याङ्जामा कार्यान्वयनको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं .६ :**

पुतलीवजार नगरपालिका सफाई केन्द्रमा रहेको फोहोरमैला बिक्रीको लागि दररेट पेश गर्न सार्वजनिक वढावढको सूचना प्रकाशन गरिएकोमा सवै भन्दा वढी अकं कवोल गर्ने **श्याम खाटु सप्लायर्स पोखरा २७** को दरभाउपत्र स्वीकृत गरिएको र उक्त स्वीकृत दररेट आर्थिक विधेयकमा स्वीकृत भएको दररेट भन्दा वढी हुन गएकोले निज दरभाउपत्रदाताको दररेटमा सामान विक्री वितरण गर्न राजश्व शाखाबाट सिफारिस भई आएकोले आगामी हिउँदे नगरसभाबाट अनुमोदन हुने गरी तपसिल बमोजिम दरभाउपत्रदाताले कवोल गरेको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क.स | विक्री गरिने सामानको विवरण | एकाई | नगरपालिकाबाट आ.व. २०८३/०८४ को लागि कायम गरिएको न्यूनतम दररेट रु.मा | श्याम खाटु सप्लायर्स पोखरा २७ | कैफियत |
|---|---|---|---|---|---|
| १. | **कवाडी सामानको दर प्रचलित कानुनले निषेध गरेको वाहेक** | | | | |
| १.१ | छाला ठुलो प्रति गोटा | गोटा | ३० | ३१ | |
| १.२ | छाला सानो प्रति गोटा | गोटा | १५ | १६ | |
| १.३ | हाड प्रति के.जि | के.जि | १ | २ | |
| १.४ | खुर प्रति के.जि. | के.जि | २ | ३ | |
| १.५ | सिङ प्रति के.जि. | के.जि | २ | ३ | |
| १.६ | हाँस कुखुरा जस्ता पंक्षीहरुको प्वाँख प्रति के.जि. | के.जि | २ | ३ | |
| २. | **सिसा** | | | | |
| २.१ | सिसा जन्य वस्तु (रंगीन,सेतो,फुटेको र नफुटेको प्रति के.जि. | के.जि | २ | ३ | |
| ३. | **कागज** | | | | |
| ३.१ | कपी/गत्ता/काटुन/अण्डाको सिट प्रति के.जि. | के.जि | १५ | १६ | |
| ३.३ | किताब प्रति के.जि | के.जि | १५ | १६ | |
| ३.४ | डुप्लेक्स (भुरा) प्रति के.जि | के.जि | ८ | ९ | |
| ३.५ | सेतो कागज प्रति के.जि. | के.जि | ९ | ९ | |
| ४. | **प्लाष्टीक प्रति के.जि** | | | | |
| ४.१ | एल.डि.,एच.एम. | के.जि | २५ | २६ | |
| ४.२ | दुध/तेल/सेतो/हरियो प्लाष्टीक जन्य पदार्थका बोतल तथा प्लाष्टिक | के.जि | १० | ११ | |
| ४.३ | प्लाष्टिक पानी वोतल | के.जि | २५ | २६ | |
| ४.४ | पाइप, कुर्ची, टयाङकी, जर्किन, मग आदि तथा बाँकी कचडा मचडा विविध एकमुष्ट । | के.जि | ३ | ४ | |
| ४.५ | चकलेट, चाउचाउ,खाजा, सुर्ति, पान पराग लगायतका कभर तथा खोलहरु मिसिएको अन्य प्लाष्टिक जन्य कबाडी । | के.जि | निशुल्क | ० | |
| ४.६ | सि.पि.भी.सी./पि.भी.सी. | के.जि | ११ | १२ | |
| ४.७ | गुडिया | के.जि | ३५ | ३६ | |
| ५. | **धातु** | | | | |
| ५.१. | फलाम तथा फलाम जन्य | के.जि | २० | २१ | |
| ५.२ | आल्मुनियम जन्य (बोतल,बट्टा,क्यान लगायत) | के.जि | ५० | ५१ | |
| ५.३ | टिन | के.जि | १८ | २० | |

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ५.४ | कपडा र कपडाजन्य बेड विस्तारा, सिरक, डसना आदि | के.जि | ८ | ९ | |
| ५.५ | मेसिनबाट प्रशोधित कम्पोष्ट मल | के.जि | ३ | ४ | |
| ५.६ | बिजुलीको तार/तामा | के.जि | ४५ | ५० | |
| ५.७ | टायर, ट्युव जन्य । | के.जि | १० | १२ | |
| ५.८ | जुत्ता /चप्पल सबैखाले | के.जि | ३ | ४ | |
| ५.९ | झोला, सुटकेश जन्य (जुटका वोरा प्लाष्टिकका बोरा) | के.जि | ३ | ३.५ | |
| ५.१० | हड्डी, सिंङ, छाला वा वोसोसँग सँग सम्वन्धित पदार्थहरु । | के.जि | ३ | ५ | |
| ६. | अन्य कवाडी जन्य वस्तु | | | | |
| ६.१ | थोत्रिएर कामै नलाग्ने मेशिन औजार प्रति के.जि. | के.जि | २ | ५ | |
| ६.२ | खाली सिसी (वियर ) | गोटा | ०.५ | १ | |
| ६.३ | खाली सिसी (मदिरा र अन्य) वोतल | गोटा | ०.५ | १ | |
| ६.४ | खाली बोरा प्रति गोटा | गोटा | ०.५ | १ | |
| ६.५ | तेलको टिन प्रति गोटा | गोटा | १ | २ | |
| ६.६ | प्रति चुल्हो | गोटा | ५० | ५५ | |
| नतिजा/वरियताक्रम | | | न्यूनतम अंक | कवोल अंक | |

**निर्णय नं ७:**

तीज गीत प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि महिला, बालबालिका, संस्थादर्ता समन्वय एवं समाज कल्याण उप-शाखाबाट पेश भएको प्रस्ताव स्वीकृत गरी आगामी २०८३/०५/१८ गते नगर स्तरीय तीज गीत प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :**

चालु आर्थिक वर्षको स्वीकृत कर्मचारी पदाधिकारीहरुको सिकाई आदान प्रदान तथा भ्रमण कार्यक्रम अन्तर्गत इच्छुक कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुलाई प्रतिवेदन पेश गर्ने गरी धनगढी नगरपालिका र बढीमालिका नगरपालिका सम्मको ९ दिनको भ्रमण काज स्वीकृत गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्रसम्बन्धी कार्यविधि, २०८२ बमोजिम ईजाजतपत्र प्राप्त गर्न HARIT INFRATECH CONSTRUCTION ले उक्त कार्यविधिमा तोकिएका आवश्यक कागजात पेस गरी निर्धारित प्रक्रिया पूरा गरेको देखिएकाले, प्रचलित कानुनबमोजिम निजलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १० :**

वन वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएका २०८३ भाद्र ३ गते सम्मका प्रकोप पिडित लाभग्राहीका निवेदनहरु माथि छलफल एवं जाँचबुझ गरी देहाय वमोजिमका प्रकोप पिडित लाभग्राहीहरुलाई पुतलीबजार नगरपालिकाको विपद्

..........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..........................
तुलसी राम रेग्मी
नगर प्रमुख

व्यवस्थापन कोष संचालन कार्यविधि २०८० को दफा ८ बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | पिडित तथा निवेदकको नाम थर | सम्पर्क नं. | ठेगाना | माग तथा क्षतिको विवरण | सिफारिस रकम |
|---|---|---|---|---|---|
| १ | गुमान सिं गुरुङ | ९८०६७४४७१३ | वडा नं. १२ | भैसी गोठमा पहिरो आइ भैसी गोरु मरेको | २७००० |
| २ | धन बहादुर रोकाहा | ९८४६०९४५९२ | वडा नं. १३ | पैरोबाट घर जोखिममा रहेको | ५०००० |
| ३ | जमुना थापा राना | ९८२७१३५०९१ | वडा नं. १३ | भैसीको गोठ पहिरो गई भैसी र पाडि मरेको | २२००० |

**निर्णय नं ११:**

यस नगरपालिकाको कर्मचारी भर्ना तथा छनौट समितिबाट सिफारिस भई आएका रोजगार संयोजक, सहायक कम्प्युटर अपरेटर, ल्याब असिष्टेन्ट१ र सरसफाइकर्मीको सेवा करार सम्झौता अनुमोदन गर्ने। साथै, विज्ञापन नं. २४/२०८२/०८३ (सहायक कम्प्युटर अपरेटर) अन्तर्गत वैकल्पिक सूचीको १ नम्बरमा सिफारिस भएका श्री अस्मित गिरीसँग सेवा करार सम्झौता गरी वडा नं. ९ को रिक्त सहायक कम्प्युटर अपरेटर पदमा कामकाज गर्न खटाउने निर्णय गरियो।

**निर्णय नं. १२:**

विश्व बैंकको लगानीमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत यस पुतलीबजार नगरपालिका र लामा कन्स्ट्रक्सन प्रा. लि. बीच सम्झौता भई कार्यान्वयन भएको ठेक्का Upgrading of Pragatinagar Bahakot Namche Kalku Road (0+00 ७+६००) Contract No. NP-DUDBC-३९६३१२-CW-RFB मा उक्त निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधि शुरु भएपश्चात् निर्माण कार्यमा देखिएको त्रुटी सच्याउने कार्य सम्पन्न गर्न वर्षात् को कारण नियमित रुपमा काम सम्पन्न गर्न कठिनाई भएको तथा सडकमा आएको पहिरो पन्छाउँदा थप क्षति हुने र सडक तथा नालाको मर्मत कार्य गर्न समेत थप समय लाग्ने देखिएको साथै निर्माण व्यवसायीबाट दुई पक्षीय सम्झौतामा उल्लेख भए बमोजिमको त्रुटी सच्च्याई कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने प्रतिवद्धता समेत जनाएको हुँदा वर्षायामलाई मध्यनजर गरी उक्त योजनाको त्रुटी सच्याउने अवधि २०८३ मंसिरसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:-**

१९औ सभाबाट स्वीकृत तथा ,मिति २०८३/०४/१८ गते पेश गरिएको संगठन तथा व्यवस्थापन प्रतिवेदन उपर गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराबाट प्राप्त स्थानीय तह संगठन तथा व्यवस्थापन सर्वेक्षण मुल्याङ्कन प्रतिवेदन एवं शिफारिस वमोजिम नगरपालिका र वडा भित्रबाट १३ वटा दरबन्दी थपका लागि प्रस्ताव एवं सभाको निर्णय गरी पठाईएकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा १०

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसी राम रेग्मी
नगर प्रमुख

को उपदफा ४ वमोजिम संगठन संरचना तथा दरबन्दीको सन्चालन लागत को १० प्रतिशत भन्दा बढी हुन नहुनेमा १८.९५ प्रतिशतका दरले बृद्धि तथा कायम भएको भनि पद दर्ताका लागि सीमा भित्र सन्चालन लागत कायम हुने गरी दरबन्दी परिमार्जन एवं पुनरावलोकन गर्नुपर्ने गरी शिफारिस पेश हुन आएको हुँदा नगरपालिकाको कार्यालय प्रशासन सेवा तर्फ तह ७ र ८ को संख्या १, स्थानीय ईन्जिनियरिङ्ग तह ७/८, संख्या १, प्रशासन सेवा तर्फ तह ५/६को संख्या २ र प्रशासन सेवा तर्फ तह ४को संख्या ३ वटा गरी जम्मा ७ वटा दरवन्दी र शो को सन्चालन लागत कटाइ तोकिएको सीमा भित्र रहने गरी अन्तिम प्रतिवेदन पारीत गरी गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा पददर्ताका लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं . १४ :

इस्लाम धर्मका संस्थापक एवं प्रवर्द्धक पैगम्बर मोहम्मद मुस्तफा सल्लल्लाहु अलैहे ओसल्लमको १५०१ औं जन्म जयन्ती को अवसरमा मिति २०८३ भाद्र १० गते यस नगरपालिका मातहतका कार्यालय / निकायहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसी राम रेग्मी
नगर प्रमुख